# स्थानीय तह निर्वाचन-२०७९ पर्यवेक्षण
# प्रारम्भिक प्रतिवेदन

आज वैशाख ३० गते देशका सबै जिल्लामा स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । उम्मेदवारहरूको मृत्युका कारण दाङ जिल्ला र कपिलवस्तु जिल्लाका केही वडामा आजको मतदान स्थगन भएका कारण ७ सय ५१ स्थानीय तहमा मतदान सम्पन्न भएको छ भने केही पदहरूमा यसअघि नै जनप्रतिनिधि निर्विरोध निर्वाचित भइसकेका छन् ।

निर्वाचन आयोगबाट पर्यवेक्षण अनुमति प्राप्त गरेका इन्सेकका २ सय ३४ जना पर्यवेक्षकले प्राप्त गरी ७५ जिल्लाका २ सय ५० भन्दा बढी मतदानस्थलको अनुगमन गरेका छन् । इन्सेकका पर्यवेक्षकहरूबाट प्राप्त भएको जानकारी अनुसार आजको निर्वाचनमा छिटपुट वादविवाद, केही झडप तथा आचारसंहिता उल्लङ्घनका घटना बाहेक शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ ।

यो निर्वाचनले स्थानीय सरकारको निरन्तरताको सुनिश्चितता गरेको छ । आवधिक निर्वाचनहरू स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित, भयरहित र शान्तिपूर्ण हुनुपर्छ भन्ने मान्यता संसारभर राखिन्छ । चुनाव निष्पक्ष र स्वतन्त्ररूपमा सम्पन्न गर्न सकिएन भने सरकार, राजनीतिक दल र निर्वाचन आयोगप्रति नै अविश्वासको अवस्था सृजना हुन्छ ।

निर्वाचनका माध्यमबाट नागरिक नीति निर्माण तहमा वैधानिक रूपमा पुग्ने र विधिको शासन कायम गर्ने राजनीतिक प्रणाली लोकतन्त्र हो । तसर्थ लोकतन्त्रमा आवधिक निर्वाचन अपरिहार्य हुन्छ । निर्वाचनमा मतदान गर्ने मतदाताको सार्वभौम र मौलिक अधिकार हो । स्वच्छ विश्वसनीय, मर्यादित र धाँधलीरहित निर्वाचन भएमा मात्रै मतदाताले सही प्रतिनिधिहरूको छनौट गर्न सक्दछन् । निष्पक्ष निर्वाचनले मात्रै लोकतान्त्रिक पद्धतिको सवलीकरण र विकासमा टेवा पुर्‍याउँछ ।

यो निर्वाचनमा देखिएको जनताको उत्साह, युवा पुस्ताको व्यापक र दरिलो सहभागिता, महिला तथा दलितको व्यापक प्रतिनिधित्व हुन पाउने अवस्थाले लोकतन्त्रको आधारस्तम्भलाई बलियो बनाउने नै छ । नयाँ संविधानद्वारा प्रदत्त अधिकारलाई जनताको घरदैलोमा पुर्‍याउन यो निर्वाचनले खेल्ने भूमिका महत्वपूर्ण हुनेछ ।

## आजको निर्वाचनमा जे देखियो

- विगतका निर्वाचन जस्तै यस निर्वाचनमा पनि अपाङ्गता भएका मतदाताले केही स्थानमा मतदान गर्न कठिनाइ भोग्नु पर्‍यो । मतदान केन्द्रहरू अपाङ्गतामैत्री भएको पाइएन । बाँकेको राँझास्थित आदर्श माविमा अपाङ्गता भएका मतदातालाई ह्वीलचेयर लैजानबाट वञ्चित गरेको पाइयो ।
- काठमाडौं लगायत अन्य केही मतदान केन्द्र साँघुरो भएका कारण मतदान कार्य ढिला हुनुका साथै मतदातालाई अप्ठ्यारो भएको पाइयो । भक्तपुरका केही मतदान केन्दमा अस्तव्यस्त र भद्रगोल व्यवस्थापन भएको पाइयो ।
- अघिल्लो निर्वाचनका लागि मतदाता परिचयपत्र लिएका मतदाताको क्रम सङ्ख्या फरक हुँदा नाम खोज्नसमय लागेको र यसले मतदान प्रक्रियामा ढिलासुस्ती भएको पाइयो । कतिपय मतदान केन्द्रमा मतदाता परिचय भए पनि मतदाता नामावली नाम नभएको पाइयो भने कतिपय स्थानमा मतदाता परिचय पत्र एउटा केन्द्रमा पुगेको र नाम अर्कै मतदान केन्द्रमा भएको पनि पाइयो ।
- मतदान प्रकृयाका बारेमा मतदाता अलमलमा परेको पाइयो । यस्तो अलमलले मतदाता शिक्षा पर्याप्त मात्रामा नभएको पाइयो ।

- मतदान केन्द्रमा महिला र पुरूष मतदाताका लाइन अलगअलग गरिएको थियो भने ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका र बिरामी मतदातालाई सहजरूपमा मतदान गर्ने व्यवस्था मिलाइएको पाइयो ।
- बैतडीको सुर्नया गाउँपालिका-२ स्थित वासुदेव मावि लिस्किटामा रहेको मतदान केन्द्रमा मत हाल्न गएका ३० वर्षीय मोहनराम बिकमाथि कुटपिट भएको छ । कुटपिटबाट बिकको दायाँ गोडाको हड्डी खुस्किएको सुर्नया गाउँपालिकाका कार्यपालिका सदस्य प्रकाश लुहारले बताउनु भयो ।
- मतदान गर्न जाने क्रममा बैतडी जिल्ला पाटन नगरपालिका- ६ टुँडेगैरका ६८ वर्षीय कमलसिंह विष्टको मृत्यु भयो । ।
- धनुषा प्रतिनिधि दीपेन्द्रप्रसाद सिंहका अनुसार मिथिला नगरपालिका-८ जमुनिवासस्थित जनता राष्ट्रिय आधारभूत प्राथमिक विद्यालय मतदान केन्द्र (क) की मतदाता ३७ वर्षीया फूलमाया डिमडुङ आफ्नो मताधिकारबाट वञ्चित हुनु भएको छ । भोट खसाल्न मतदान केन्द्र पुग्दा उहाँको मत अरुले नै खसाइसकेको रेकर्डमा देखिएपछि आफूलाई मतदान गर्न नदिएको फूलमायाले गुनासो गर्नु भयो ।
- महोत्तरी प्रतिनिधि अजयकुमार साहका अनसार बलवा नगरपालिकाको एक मतदान स्थलमा गोली चल्यो । मतदानको क्रममा बलवा नगरपालिका-५ को मतदानस्थलमा विवाद हुँदा प्रहरीले एक राउण्ड गोली प्रहार गरेको हो ।
- चौरीदेउराली गाउँपालिका-६ को कात्तिके देउरालीको प्रभा माविमा रहेको मतदान केन्द्रमा १० बजेतिर व्याकपका लागि राखिएका मतपेटिका तोडफोड भएपछि मतदान प्रकृया अवरुद्ध भएको छ ।
- जिल्ला प्रहरी कार्यालय दोलखाका डिएसपी गङ्गाप्रसाद पौडेलले दिएको जानकारी अनुसार बैतेश्वर गाँउपालिका-१ वडा कार्यालयमा रहेको मतदान केन्द्रमा मतदाताबिच विवाद हुँदा प्रहरीले एक राउण्ड हवाइ फायर गरेको छ ।
- रामेछाप जिल्लाका केही मतदान केन्द्रमा विवाद हुँदा मतदान प्रकृया स्थगित हुनाका साथै प्रहरीले स्थिति नियन्त्रणमा लिन हवाइफायर गरेको छ । मन्थली नपा-१२ गेलुको सिक्राल मतदान केन्द्रमा मतदानको लागि लाइनमा बसेका मतदातालाई कांग्रेसका कार्यकर्ताले आक्रमण गरेपछि प्रहरीले केही राउण्ड हवाइ फायर गरेको हो ।
- सर्लाही जिल्लाको मलङ्गवा नपा-१ भेडियाही आधारभूत विद्यालयमा बिहान ९:२५ बजे मतदानस्थलमा ३८ वर्षीय पतिले कसैको कुरा नमानी ३४ वर्षीया पत्नी सुशीलादेवी मण्डलको हातबाट ब्यालेट पेपर लिई आफ्नै हातले मत खसाले ।
- इन्सेक हुम्ला प्रतिनिधि नन्द सिंहकाअनुसार महादेव मावि मतदान केन्द्रमा गठबन्धन र स्वतन्त्र उम्मेवारका समर्थकबीच झडप हुँदा मतदान अधिकृत कृष्णप्रसाद आचार्य, कार्यालय सहयोगी काला रोकाय तथा मतदाता लीला शाही घाइते भएका छन् । उनीहरूलाई नेपाली सेनाको हेलिकप्टरबाट उद्दार गरी सुर्खेत पठाइएको छ ।
- मतदान केन्द्रमा सुरक्षाको प्रबन्ध  राम्रो मिलाइएको भए पनि केही स्थानमा बाहिरी परिधिको सुरक्षामा कमी भएको पाइयो ।
- मतदान केन्द्र उपयुक्त स्थानमा नभएका कारण मतदान प्रक्रियामा अलमल भएको र भिडभाड भएको पाइयो ।

- पूर्णरूपमा महिलाले व्यवस्थापन गरेका मतदान केन्द्रको व्यवस्था अत्यन्त राम्रो पाइयो ।
- पर्यवेक्षकहरूलाई मतदान केन्द्रको प्रवेशमा कुनै अवरोध खडा नभए पनि मतदानस्थलको अवलोकनमा भने सहजता महसुस नभएको पाइयो ।
- मतदान केन्द्रमा कर्मचारी र प्रहरीको व्यवहार मतदाता र पर्यवेक्षकहरूमाथि सम्मानजनक भएको पाइयो ।
- सुर्खेतको सिम्टा गाउँपालिका-१ खनेरास्थित भगवती मावि मतदान केन्द्रमा एक थान मतपत्र मतदान अधिकृतको हस्ताक्षर बिना मतदानका लागि दिएको भेटिएपछि नेपाली कांग्रेसका कार्यकर्ताले बाँकी रहेका मतदान च्यातेपछि मतदान स्थगित भएको छ ।

**निष्कर्ष**

निर्वाचनलाई भयरहित र निष्पक्ष बनाउन सरकार, राजनीतिक दल र निर्वाचन आयोगले कुनै कसर बाँकी नरहेको बताइरहँदा आचारसंहिताको व्यापक उल्लङ्घन, एक अर्काप्रति आरोप-प्रत्यारोप तथा झडपका घटना अभिलेखित भए । निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित हुन सकेमा मात्रै निर्वाचनको महत्व बढ्छ । निर्वाचन आचारसंहिताको परिपालनामा देखिएको कमी कमजोरी सच्याउन तथा उल्लङ्घनकर्तालाई कारबाहीको दायरामा ल्याउन सकिए निर्वाचनको महत्व अझ बढ्ने देखिन्छ । यसै वर्ष हुने प्रदेश र संघीय संसद्को निर्वाचन सम्पन्न गर्नुपर्ने दायित्व बोकेको निर्वाचन आयोगले यो र यसअघि सम्पन्न निर्वाचनबाट पाठ सिकेर कार्ययोजना बनाउनु श्रेयस्कर हुने हाम्रो धारणा रहेको छ ।

आचारसंहिता उल्लङ्घन उपर परेका उजुरीमा कारबाही भएको भरपर्दो सूचना थाहा नपाएका कारण आयोगले गर्ने कारबाही प्रक्रियाप्रति विश्वस्त हुन सकेनन् । त्यस कारण पनि निर्वाचन आचारसंहिता उल्लङ्घनका घटनामा कमी नआएको पाइयो ।

भड्किलो प्रचारप्रसार, मौन अवधिमा भएका पैसाका चलखेल, भोजभतेर जस्ता कार्यहरू गरी मतदातालाई प्रभाव पार्ने कार्य भयो । यसले निर्वाचन महङ्गो हुँदै गएको र जसरी पनि चुनाव जित्नुपर्छ भन्ने मान्यता राजनीतिक दलहरूमा विकास भएको आभास मिल्यो । निर्वाचन आचारसंहिताको परिपालनामा देखिएको कमी कमजोरी सच्याउन तथा उल्लङ्घनकर्तालाई कारबाहीको दायरामा ल्याउन सकिए निर्वाचनको महत्व बढ्ने देखिन्छ ।

**२०७९ वैशाख ३० गते**

इन्सेक
insec

मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org